राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २१७ २०८२ फागुन २९ गते शुक्रवार (13 March. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## थ्रेसहोल्ड नकटाउँदा ८ लाख ९० हजार मत खेर

दैनिक समाचारदाता
काठमाडौं, २८ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक तर्फ ८ लाख ९० हजार ७८६ मत खेर गएको छ। तीन प्रतिशत थ्रेसहोल्ड नकटाउने राजनीतिक दलहरूले प्राप्त गरेको कुल मतलाई खेर गएको मतको रूपमा गणना गरिएको हो।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत कम्तीमा तीन प्रतिशत मत ल्याउने दलले मात्र प्रतिनिधिसभामा सिट पाउने व्यवस्था छ। यसपटक समानुपातिकतर्फ कुल १ करोड ८ लाख ३५ हजार २७ मत खसेको थियो।

२१ फागुनमा सम्पन्न मतदानबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले थ्रेसहोल्ड कटाउँदै समानुपातिकतर्फ आफ्ना उम्मेदवार विजयी गराउन सफल भएका छन्।

समानुपातिकतर्फ सबैभन्दा धेरै मत रास्वपाले प्राप्त गरेको छ। रास्वपाले ५१ लाख ८३ हजार ४९३ मत पाउँदा सबैभन्दा कम मत ल्याउने कीर्तिमानी त्रिमुल नेपाल पार्टीले




देशभरबाट जम्मा ६९४ मत प्राप्त गरेको छ। 'ओदान' चुनाव चिह्न लिएर चुनाव लडेको त्रिमुल नेपाल पार्टीका अध्यक्ष भरतमणि दाहाल हुन्।

यसपटक थ्रेसहोल्ड कटाउन नसक्ने दलहरूमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, डा. सीके राउत नेतृत्वको जनमत पार्टी, नारायणमान विजुक्छे नेतृत्वको नेपाल मजदुर किसान पार्टी, चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चा लगायत रहेका छन्।

त्यस्तै, राजेन्द्र महतोको राष्ट्रिय मुक्ति पार्टी (रामुपा) नेपाल, अशोक राई नेतृत्वको जसपा, रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा) नेपालले पनि आवश्यक मत ल्याउन सकेनन्।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र पूर्वमन्त्री जनार्दन शर्मासम्बद्ध प्रगतिशील लोकतान्त्रिक पार्टी, नेत्रविक्रम चन्द नेतृत्वको नेकपा (माओवादी), प्रभु साहको आम जनता पार्टी, मोहम्मद रिजवान अन्सारीको नेपाल संघीय समाजवादी पार्टी तथा सीपी मैनालीको नेकपा (माले) लगायत दलले ३० हजारभन्दा कम मत प्राप्त गरेका छन्।

निर्वाचन परिणामले थ्रेसहोल्डका कारण साना राजनीतिक दलहरूको ठूलो संख्यामा मत प्रतिनिधित्वबाट बाहिरिएको देखाएको छ। विश्लेषकहरूका अनुसार यसले समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रभावकारितामाथि पुनः बहसको विषय उठाएको छ।

## ललितपुरका जनप्रतिनिधिद्वारा गगन थापालाई राजीनामा नदिन आग्रह

दैनिक समाचारदाता
ललितपुर, २८ फागुन । ललितपुरका विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरूले नेपाली कांग्रेसका सभापति गगनकुमार थापालाई राजीनामा नदिन आग्रह गरेका छन्। पार्टी सुदृढीकरण तथा समसामयिक राजनीतिक परिस्थितिमा प्रभावकारी भूमिका निर्वाह गर्न थापाको नेतृत्व आवश्यक रहेको उनीहरूको भनाइ छ।



ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन, जिल्ला समन्वय समितिका प्रमुख ऋषिदेव फुयाल, गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन र महांकाल गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चन लगायत जनप्रतिनिधिहरूले बिहीबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै वर्तमान जटिल राजनीतिक अवस्थामा थापाको नेतृत्व र अभिभावकत्व अपरिहार्य रहेको बताएका हुन्।

संयुक्त विज्ञप्तिमा महांकाल गाउँपालिकाका अध्यक्ष गणेशबहादुर केसी, गोदावरी नगरपालिकाकी उपप्रमुख मुना अधिकारी, महालक्ष्मी नगरपालिकाकी उपप्रमुख लक्ष्मी महर्जन र कोन्ज्योसोम गाउँपालिकाका उपाध्यक्ष राजन घिमिरेको पनि हस्ताक्षर रहेको छ।

विज्ञप्तिमा पार्टीको संगठन सुदृढीकरण, कार्यकर्ता एकता र समसामयिक राजनीतिक चुनौतीको सामना गर्न थापाको नेतृत्व निरन्तर आवश्यक रहेको उल्लेख गरिएको छ।

विशेष महाधिवेशनबाट निर्वाचित सभापति थापासहितका अधिकांश पदाधिकारी फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पराजित भएपछि उनले नैतिकताको आधारमा राजीनामा दिने कि नदिने भन्ने विषयमा पार्टीभित्र बहस सुरु भएको छ। यसअघि सभापति थापाले राजीनामा दिने तयारी गरेको तर उपसभापति विश्वप्रकाश शर्माले त्यसो नगर्न सुझाव दिएको समाचार सार्वजनिक भइसकेका छन्।

यसैबीच ललितपुरका जनप्रतिनिधिहरूले पार्टीको भावी दिशा र सुदृढीकरणका लागि थापाको नेतृत्व निरन्तर आवश्यक रहेको भन्दै उनलाई पदमा कायम रहन आग्रह गरेका हुन्।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

## आधा सिलिन्डर ग्यास बिक्री गरिने



दैनिक समाचारदाता
जनकपुरधाम, २८ फागुन । नेपाल आयल निगमले भोलि शुक्रबारदेखि बजारमा आधा सिलिन्डर मात्रै ग्यास पठाउने निर्णय गरेको छ ।

निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टका अनुसार अब उपभोक्ताले ७.१ केजी तौल भएको आधा सिलिन्डर ग्यास किन्न पाउनेछन् । आधा सिलिन्डर ग्यासको मूल्य पनि साविकको भन्दा आधा नै तोकिएको छ ।

अन्तर्राष्ट्रियस्तरमा भइरहेको युद्धका कारण बजारमा ग्यास माग बढेको र आपूर्तिमा केही समस्या देखिएकाले त्यसलाई सामान्य बनाउन निगमले यस्तो कदम चालेको उनले बताए ।

भट्टले आधा सिलिन्डर ग्यास बाँड्दा धेरैभन्दा धेरै उपभोक्ताको पहुँचमा ग्यास पुग्ने दाबी गरे । उनका अनुसार पहिले १ हजार जनाले ग्यास पाउने ठाउँमा अब २ हजार जनाले ग्यास पाउनेछन् । यसका साथै आधा सिलिन्डर मात्रै वितरण गर्दा अनावश्यक रूपमा ग्यास थुपारेर राख्ने (स्टक गर्ने) प्रवृत्ति पनि घट्ने निगमको दाबी छ । 'आधा सिलिन्डर कसैले पनि स्टक गरेर राख्दैन, जसलाई साँच्चिकै समस्या परेको छ उसले मात्रै किन्छ,' कार्यकारी निर्देशक भट्टले अनलाइनखबरसँग भने । यो निर्णयले बजारमा देखिएको ग्यास अभाव हट्ने र उपभोक्ताले सजिलै ग्यास पाउने निगमको दाबी छ ।

## किशोरी साहको नाम कालोसूचीमा नराख्न सर्वोच्चको अन्तरिम आदेश




दैनिक समाचारदाता
जनकपुरधाम, २८ फागुन । सर्वोच्च अदालतले धनुषा-१ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बनेका किशोरी साहको नाम कालोसूचीमा नराख्न अन्तरिम आदेश जारी गरेको छ ।

गलत ढंगले आफ्नो नाम कालोसूचीमा राखिएको दाबीसहित साह सर्वोच्च अदालत पुगेका थिए ।

न्यायाधीश सारंगा सुवेदीको इजलासले नेपाल राष्ट्र बैंक र कर्जा सूचना केन्द्रको नाममा अन्तरिम आदेश जारी गरेको हो । यो आदेशसँगै साहको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णयसमेत निस्तेज हुने अवस्थामा पुगेको छ ।

त्यसो हुँदा साहको उम्मेदवारी यथावत हुँदै उनले पाएको मत स्वभाविक हुने अवस्था आउनेछ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# सम्भावनायुक्त आँप खेती

मधेश प्रदेशका गाउँबस्तीमा अहिले आँपका बोटहरू मञ्जरीले ढाकिएका छन्। बगैँचामा देखिएको यस उत्साहजनक दृश्यले किसानहरूमा ठूलो आशा जगाएको छ। पूर्वी धनुषाका किसानहरू मात्र होइन, मधेशका हजारौँ कृषक यस वर्ष राम्रो उत्पादन हुने अपेक्षामा छन्। कृषि विज्ञहरूका अनुसार मौसम अनुकूल रहेमा यस वर्ष प्रदेशमा चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन हुन सक्छ, जसबाट करिब ४० अर्ब रुपैयाँभन्दा बढीको आर्थिक कारोबार हुने अनुमान गरिएको छ।

देशको कुल आँप उत्पादनमध्ये करिब तीनचौथाइ हिस्सा मधेश प्रदेशले ओगट्नु आफैँमा महत्वपूर्ण तथ्य हो। धनुषा, महोत्तरी, सिरहा र सप्तरीजस्ता जिल्लाहरूमा व्यावसायिक रूपमा आँप खेती विस्तार हुँदै गएको छ। मालदह, अम्रपाली, दशहरीलगायत जातका आँपले स्थानीय बजार मात्र होइन, काठमाडौँलगायत देशका प्रमुख शहरहरूको माग पनि पूरा गरिरहेका छन्। यसले मधेशलाई नेपालको आँप उत्पादनको मुख्य केन्द्र बनाउने सम्भावना स्पष्ट देखाउँछ।

तर उत्पादनको सम्भावना जति उत्साहजनक भए पनि चुनौतीहरू पनि उत्तिकै छन्। चैत-वैशाखतिर चल्ने हावाहुरी, असिना तथा रोग-कीराले बगैँचामा ठूलो क्षति पुऱ्याउने जोखिम रहन्छ। अर्कोतर्फ, उत्पादन भएपछि बजार व्यवस्थापन र उचित मूल्य पाउने समस्या पनि किसानले वर्षेनि भोग्दै आएका छन्। भण्डारण, प्रशोधन र व्यवस्थित बजार संरचनाको अभावले धेरै किसान आफ्नो उत्पादनको वास्तविक लाभ लिनबाट वञ्चित हुने गरेका छन्।

विडम्बना के छ भने, एकातिर देशमै पर्याप्त उत्पादनको सम्भावना हुँदाहुँदै पनि नेपालमा विदेशी आँपको आयात जारी छ। यदि स्थानीय उत्पादनलाई संरक्षण र प्रवर्द्धन गर्ने नीति प्रभावकारी रूपमा लागू गर्न सकियो भने आयात घटाउनुका साथै किसानको आम्दानी पनि बढाउन सकिन्छ।

त्यसैले आँप खेतीलाई केवल मौसमी उत्पादनको रूपमा होइन, कृषि अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा हेर्न आवश्यक छ। वैज्ञानिक खेती, रोग नियन्त्रण, बजार व्यवस्थापन र सरकारी प्रोत्साहनमार्फत मधेश प्रदेशलाई साँच्चिकै "आँपको राजधानी" बनाउने सम्भावना अब नीतिगत पहलमै निर्भर छ।

# रास्वपाले चाल्नुपर्ने १० कदम



गणेश अम्माई

राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचनमा प्राप्त गरेको यो अभूतपूर्व विजय केवल एउटा राजनीतिक दलको जित मात्र नभएर नेपाली जनताले दशकौँदेखि साँचेको परिवर्तनको तीव्र चाहनाको प्रतिबिम्ब हो। जनताले पुराना शक्तिहरूको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै नयाँ र ऊर्जावान् नेतृत्वमाथि जुन भरोसा देखाएका छन्, त्यसलाई कायम राख्नु नै अबको मुख्य चुनौती हो। निर्वाचनमा प्राप्त बहुमतले रास्वपालाई सत्ताको साँचो मात्र सुम्पिएको छैन, देशको भविष्य कोर्ने एउटा ऐतिहासिक अवसर पनि सुम्पेको छ। अबको यात्रामा सत्ताउन्मादमा नफसी जनताका आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने गरी रास्वपाले आफ्ना पाइलाहरू अगाडि बढाउनुपर्छ। विगतका गल्तीहरू नदोहोऱ्याई नयाँ राजनीतिक संस्कारको जग बसाल्न सके त्यो पहिलो सफलता हुनेछ।

'परिवर्तनको रहस्य आफ्नो सम्पूर्ण शक्ति पुरानोसँग लड्नमा होइन, बरु नयाँ निर्माण गर्नमा केन्द्रित गर्नु हो'- महान् दार्शनिक सुकरातको यो भनाइलाई राष्ट्रिय स्वतन्त्र पार्टीले मार्गदर्शक सिद्धान्त मानी अबको शासन सञ्चालन गर्नुपर्दछ। विगतका राजनीतिक दलहरूले के गरे वा के गरेनन् भन्ने विवाद र प्रतिशोधमा अल्झिनु भन्दा, एउटा यस्तो पद्धति बसाल्नु आवश्यक छ जहाँ व्यक्ति होइन, प्रणालीले काम गरोस्। पुरानो शैलीको आलोचनामा समय खर्चिनुको साटो रास्वपाले योग्यतातन्त्र र प्रविधिमैत्री शासनको यस्तो बलियो संरचना निर्माण गर्नुपर्छ, जसले पुराना विकृतिहरूलाई स्वतः विस्थापित गरिदिओस्। जब जनताले नयाँ प्रणालीबाट प्रत्यक्ष र सहज लाभ पाउँछन्, तब पुराना गलत अभ्यासहरू आफैँ इतिहास बन्नेछन्। त्यसैले, यो ऐतिहासिक विजयलाई कुनै व्यक्ति वा समूह विरुद्धको बदला लिने माध्यम नबनाई, आगामी पुस्ताका लागि एउटा समृद्ध र न्यायपूर्ण 'नयाँ नेपाल' को जग खडा गर्ने सुनौलो अवसरको रूपमा उपयोग गरिनुपर्छ।

*सार्वजनिक सेवा प्रवाह*

सरकार गठन भएलगत्तै रास्वपाको प्राथमिक ध्यान सार्वजनिक सेवा प्रवाहमा आमूल सुधार ल्याउनेतर्फ केन्द्रित हुनुपर्छ। सरकारी कार्यालयहरूमा हुने ढिलासुस्ती, भ्रष्टाचार र बिचौलियाको बिगबिगीलाई अन्त्य गर्न सूचनाप्रविधिको अधिकतम प्रयोग गरी सेवालाई पारदर्शी बनाउनु आवश्यक छ। नागरिकले एउटा सानो कामका लागि पनि घण्टौं लाइन बस्नुपर्ने र घुस खुवाउनुपर्ने बाध्यताको अन्त्य नभएसम्म परिवर्तनको आभास हुँदैन। प्रशासनिक झन्झटहरूलाई हटाएर सरल र सुलभ ढङ्गले सेवा प्रदान गर्ने प्रणाली विकास गर्नुपर्छ। कर्मचारीतन्त्रलाई जनउत्तरदायी बनाउँदै उनीहरूको कार्यसम्पादनलाई नतिजासँग जोड्नुपर्छ। जबसम्म आम नागरिकले राज्यको उपस्थिति आफ्नै घरदैलोमा महसुस गर्दैनन्, तबसम्म यो बहुमतको कुनै सान्दर्भिकता रहने छैन। सेवाग्राहीले सरकारी अड्डा छिर्दा सम्मानको अनुभूति गर्ने वातावरण बनाउनु नै सुशासनको पहिलो कडी हो।

*शिक्षामा दोहोरो मापदण्डको अन्त्य*

नेपालको शिक्षा क्षेत्रमा विद्यमान दोहोरो मापदण्डलाई अन्त्य गर्दै सामुदायिक विद्यालयको गुणस्तर सुधार्नु रास्वपा सरकारको अर्को महत्वपूर्ण कार्यदिशा हुनुपर्छ। सरकारी विद्यालयहरूलाई निजी विद्यालय सरह वा सोभन्दा उत्कृष्ट बनाउन भौतिक पूर्वाधार, सूचनाप्रविधि र दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्नुपर्छ। शिक्षकहरूलाई समय-सापेक्ष तालिम दिई शिक्षण विधिलाई आधुनिक र व्यवहारमुखी बनाउनु आवश्यक छ। विद्यार्थीहरूलाई केवल किताबी ज्ञानमा मात्र सीमित नराखी प्राविधिक र व्यावसायिक सीप सिकाउनेतर्फ ध्यान दिनुपर्छ। शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्दै गरिब र जेहेन्दार विद्यार्थीले पैसाकै अभावमा गुणस्तरीय शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्छ। शिक्षामा गरिने लगानीले नै समृद्ध नेपालको भविष्य निर्धारण गर्नेछ।

*स्वास्थ्य : व्यापार होइन सेवा*

स्वास्थ्य सेवालाई व्यापारको सट्टा सेवाको रूपमा स्थापित गर्नु यो सरकारको परम कर्तव्य हो। सरकारी अस्पतालहरूको अवस्था सुधार्दै अत्याधुनिक उपकरण र विशेषज्ञ चिकित्सकहरूको उपलब्धता गाउँ-गाउँसम्म पुऱ्याउनुपर्छ। स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी र व्यापक बनाउँदै जटिल रोगहरूको उपचारमा नागरिकले भोग्नुपर्ने आर्थिक भार कम गर्नुपर्छ। निजी अस्पतालहरूको शुल्कमा एकरूपता ल्याउँदै उनीहरूलाई पनि सेवामुखी बनाउन कडा नियमनको आवश्यकता छ। विपन्न नागरिकले अस्पतालको ढोकामा उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्थालाई सधैँका लागि अन्त्य गर्नुपर्छ। स्वस्थ नागरिक नै देश विकासको मेरुदण्ड भएकाले स्वास्थ्य क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउनु रास्वपाका लागि अनिवार्य शर्त बनेको छ। प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा सहजै उपभोग गर्न पाउनुपर्छ।

*कृषिको आधुनिकीकरण*

नेपालको अर्थतन्त्रलाई मजबुत बनाउन कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिनुको विकल्प छैन। परम्परागत खेती प्रणालीलाई विस्थापित गर्दै उन्नत बीउ, मल र आधुनिक औजारहरूको सहज उपलब्धता सुनिश्चित गर्नुपर्छ। किसानले आफ्नो पसिनाको उचित मूल्य पाउने गरी बजारको व्यवस्थापन र बिचौलियाको अन्त्य गर्नुपर्छ। कृषिमा आधारित उद्योगहरूको स्थापना गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन दिँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्धनमा लाग्नुपर्छ। युवाहरूलाई कृषिमा आकर्षण गर्न सस्तो ब्याजदरमा ऋण र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ। जबसम्म देश खाद्यान्नमा आत्मनिर्भर हुँदैन, तबसम्म वास्तविक समृद्धि सम्भव छैन। त्यसैले कृषि क्षेत्रलाई राष्ट्रिय गौरवको विषय बनाएर अघि बढ्नुपर्छ। बाँझो जमिनको उपयोग र चकलाबन्दी खेतीको अवधारणालाई प्रभावकारी रूपमा लागू गरिनुपर्छ।

*औद्योगिक विकास र उद्यमशीलता*

बेरोजगारीको समस्या समाधान गर्न र युवा शक्तिलाई स्वदेशमै रोक्न औद्योगिक विकास र उद्यमशीलतालाई प्राथमिकता दिनुपर्छ। साना तथा मझौला उद्योगहरूको स्थापनाका लागि सरल कानूनी प्रक्रिया र सहुलियतपूर्ण वातावरण सिर्जना गर्नुपर्छ। जलविद्युतको प्रचुर सम्भावनालाई उपयोग गर्दै सस्तो ऊर्जाको माध्यमबाट औद्योगिक लागत घटाउनुपर्छ। पर्यटन क्षेत्रलाई नेपालको आर्थिक समृद्धिको आधार बनाएर पूर्वाधार विकासमा व्यापक लगानी गर्नुपर्छ। विश्वभरका पर्यटकलाई आकर्षित गर्न नयाँ गन्तव्यहरूको पहिचान र प्रचार-प्रसार गर्नुपर्छ। स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गरी विदेशी भूमिमा पसिना बगाउन बाध्य युवाहरूलाई आफ्नै देशमा भविष्य देख्ने बनाउनु यो सरकारको सबैभन्दा ठूलो उपलब्धि हुनेछ। दक्ष जनशक्तिलाई स्वदेशमै उद्यमी बन्ने वातावरण निर्माण गर्नुपर्छ।

*सन्तुलित र परिपक्व परराष्ट्रनीति*

नेपालको भू-राजनीतिक संवेदनशीलतालाई बुझेर सन्तुलित र

*बाँकी पृष्ठ ३मा*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# इरानी आक्रमणपछि तेल मूल्य १०० डलर नाघ्यो

तेहरान, २८ फागुन । मध्यपूर्वमा जारी युद्धका बीच इरानले खाडी क्षेत्रका ऊर्जा पूर्वाधार र जहाजहरूलाई लक्षित गर्दै नयाँ ड्रोन तथा क्षेप्यास्त्र आक्रमण सुरु गरेपछि विश्व ऊर्जा बजारमा थप अस्थिरता देखिएको छ। बिहीबार बिहान दुई तेल ट्याङ्करमा आक्रमण भएको केही घण्टामै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उकालो लाग्दै प्रतिब्यारेल १०० डलर नाघेको छ।



तेहरानले खाडी क्षेत्रका छिमेकी देशहरू तथा इजरायलतर्फ नयाँ आक्रमणको लहर चलाएपछि क्षेत्रीय तनाव झनै चर्किएको छ। इरानले यो युद्ध लामो समयसम्म चल्न सक्ने चेतावनी दिँदै त्यसले विश्व अर्थतन्त्रलाई 'ध्वस्त पार्न सक्ने' दाबी गरेको छ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान अन्ततः पराजयको दिशामा पुगेको दाबी गरेका छन्। यद्यपि उनले युद्ध तत्काल समाप्त नहुने चेतावनी पनि दिएका छन्। अमेरिकाले इरानको पूर्वाधारमा आक्रमण गर्न सक्ने सङ्केत दिँदै त्यसको पुनर्निर्माण गर्न एक पुस्ता लाग्न सक्ने उनले बताएका छन्।

अमेरिका र इजरायलले सुरु गरेको युद्ध विस्तार हुँदै जाँदा क्षेत्रका विभिन्न देशहरू प्रभावित भएका छन्। लेबनानमा इजरायली आक्रमण तीव्र बनेको छ। त्यहाँका अधिकारीहरूका अनुसार हालसम्म ६३० भन्दा बढी मानिसको मृत्यु भएको छ भने आठ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन्।

खाडी क्षेत्रमा पनि सुरक्षा अवस्था तनावपूर्ण बनेको छ। इरानी आक्रमणपछि बहराइनले बासिन्दाहरूलाई घरभित्रै बस्न र झ्याल बन्द राख्न आग्रह गरेको छ। साउदी अरेबियाले सायबाह तेल क्षेत्रतर्फ गइरहेका ड्रोनहरू रोकिएको जनाएको छ। ओमानको सलालाह बन्दरगाहस्थित इन्धन ट्याङ्कीमा ड्रोन प्रहार भएपछि त्यहाँका केही सञ्चालन अस्थायी रूपमा रोकिएका छन्।

होर्मुज जलडमरूमध्य आसपासका समुद्री मार्गहरू पनि प्रभावित भएका छन्। संयुक्त अरब इमिरेट्स नजिकै एउटा कन्टेनर जहाजलाई अज्ञात प्रक्षेप्यले प्रहार गर्दा सानो आगलागी भएको बेलायती समुद्री सुरक्षा एजेन्सीले जनाएको छ। सबै चालकदल सुरक्षित रहेका छन्।

यसअघि इराक नजिक दुई तेल ट्याङ्करमा आक्रमण हुँदा कम्तीमा एक चालकदल सदस्यको मृत्यु भएको र ३८ जनालाई उद्धार गरिएको अधिकारीहरूले बताएका छन्। केही सदस्य अझै बेपत्ता रहेको खोजी जारी छ।

विश्वको करिब पाँचौं भाग तेल आपूर्ति हुने होर्मुज जलडमरूमध्य अहिले युद्धको तनावका कारण अवरुद्ध हुने जोखिममा पुगेको विश्लेषकहरूले बताएका छन्। इरानले खाडीबाट एक थोपा तेल निर्यात हुन नदिने चेतावनी पनि दिएको छ।

पछिल्लो केही दिनमा जहाजहरू संलग्न कम्तीमा चार घटना रिपोर्ट भएका छन्। एउटा थाई बल्क क्यारियरमा प्रहार हुँदा चालकदलका तीन सदस्य बेपत्ता भएको यातायात कम्पनी प्रिसियस सिपिङले जनाएको छ।

खाडीका अन्य स्थानमा पनि ड्रोन र क्षेप्यास्त्रको खतरा बढेको छ। कुवेतमा आवासीय भवनमा लागेको ड्रोनका कारण दुई जना घाइते भएका छन् भने युएईले पनि क्षेप्यास्त्र खतराको जवाफ दिइरहेको जनाएको छ।

यसैबीच इरानको रिभोलुसनरी गार्ड्सले अमेरिका र इजरायलसँग सम्बन्धित आर्थिक केन्द्र तथा बैंकहरूलाई समेत निशाना बनाउन सक्ने चेतावनी दिएको छ। त्यसपछि केही अन्तर्राष्ट्रिय कम्पनीहरूले दुबईबाट आफ्ना कर्मचारीहरू हटाउन थालेका छन्।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले बजार स्थिर पार्न सदस्य राष्ट्रहरूलाई रणनीतिक भण्डारबाट तेल निकाल्न अनुमति दिएको छ। यसअन्तर्गत ४० करोड ब्यारेल तेल बजारमा पठाउने सहमति भएको छ, जसमा १७ करोड २० लाख ब्यारेल अमेरिकाबाट आउनेछ। तर यो कदमले पनि लामो द्वन्द्वको डर कम गर्न सकेको छैन। विश्लेषकहरूका अनुसार प्रतिब्यारेल ९० देखि १०० डलरको मूल्य केही समयसम्म नयाँ सामान्य बन्न सक्ने देखिएको छ।

युद्धको मानवीय असर पनि तीव्र बन्दै गएको छ। बेरुतमा इजरायली हवाई आक्रमणका कारण आवासीय भवनहरू क्षतिग्रस्त भएका छन्। स्थानीय बासिन्दाहरूले डरका कारण रातभर खुला स्थानमा बस्न बाध्य भएको बताएका छन्।

एक स्थानीय बेकरी सञ्चालकले आक्रमणको क्षण सम्झँदै भने, "पहिलो विस्फोट हुँदा म कोठाबाट कोठामा दौडेर परिवारलाई बाहिर निकाल्दै पर्खाल पछाडि लुकाएँ, त्यसपछि दोस्रो आक्रमण भयो।"

इजरायली सेनाले लेबनानभरि हिजबुल्लाहसँग सम्बन्धित पूर्वाधारलाई लक्षित गरी व्यापक कारबाही जारी राखेको जनाएको छ। साथै इरानबाट इजरायलतर्फ नयाँ क्षेप्यास्त्र प्रहार भएको पनि पत्ता लागेको बताइएको छ।

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च ८ सम्म युद्धमा एक हजार २०० भन्दा बढी मानिस मारिएका छन्। इजरायलमा १४ जनाको मृत्यु भएको छ भने खाडी क्षेत्रमा भएका आक्रमणमा ११ नागरिक र सात अमेरिकी सैनिकसहित २४ जनाको ज्यान गएको स्थानीय अधिकारीहरूले बताएका छन्।

न्युयोर्क टाइम्सका अनुसार यो युद्धले अमेरिकालाई मात्रै हालसम्म ११ अर्ब ३० करोड डलरभन्दा बढी खर्च गराइसकेको छ। रासस/एएफपी

# कम्बोडियाबाट १६ नेपाली नागरिक उद्धार, स्वदेश फर्काइयो

एजेन्सी

काठमाडौं, २८ फागुन । मानव तस्करको प्रलोभनमा परी कम्बोडिया पुगेका १६ जना नेपाली नागरिक उद्धार गरी स्वदेश फर्काइएको छ। कम्बोडियामा अवैध रूपमा सञ्चालित अनलाइन स्क्यामिङ केन्द्र र क्यासिनोमा अनलाइन ठगी तथा अन्य गैरकानुनी काममा संलग्न भएका र बिनाभिसा बसिरहेका उनीहरूलाई नेपाली राजदूतावास, बैंकककको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरिएको हो। यस प्रक्रियामा गैरआवासीय नेपाली संघ कम्बोडियाले समेत सहजीकरण गरेको छ।




उद्धार गरिएका नेपाली नागरिकसँगै अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई पनि स्वदेश फर्काउने पहल जारी रहेको जनाइएको छ।

नेपाली राजदूतावासले कम्बोडियामा अनलाइन ठगीमा संलग्न वा बिनाभिसा बसिरहेका नेपाली नागरिकहरूलाई स्वदेश फर्किन सहयोग गर्नका लागि तत्काल सम्पर्क गर्न अनुरोध गरेको छ। स्क्यामिङ केन्द्रहरूमा काम लगाइएका व्यक्तिको राहदानी कम्पनीले राख्ने गरेको भए पनि केन्द्र स्थानान्तरण हुँदा राहदानी हराएको पाइएको छ। यस्तो अवस्थामा स्वदेश फर्किन चाहने नेपालीका लागि राजदूतावासले निःशुल्क एकतर्फी यात्रा अनुमतिपत्र उपलब्ध गराउने व्यवस्था गरेको छ।

## रास्वपाले .............

परिपक्व परराष्ट्र नीति अवलम्बन गर्नु रास्वपाका लागि निकै महत्वपूर्ण छ। छिमेकी राष्ट्रहरू चीन र भारतसँगको सम्बन्धलाई आपसी सम्मान र हितका आधारमा थप सुदृढ बनाउनुपर्छ। कसैको पक्ष वा विपक्षमा नलागी राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखेर कूटनीतिक पहलहरू गर्नुपर्छ। अन्तर्राष्ट्रिय जगतसँगको सम्बन्धलाई केवल सहयोग लिने माध्यम मात्र नबनाई लगानी र प्रविधि भित्र्याउने अवसरको रूपमा उपयोग गर्नुपर्छ। विदेशमा रहेका नेपालीहरूको ज्ञान, सीप र पुँजीलाई देश विकासमा लगाउन विशेष योजना ल्याउनुपर्छ। एक स्वाभिमानी र स्वतन्त्र राष्ट्रको रूपमा नेपालको छवि विश्व मानचित्रमा उच्च राख्न सरकारले अत्यन्तै सावधानीपूर्वक कदम चाल्नुपर्छ।

*बलियो राष्ट्रिय एकता*

विविधतामा एकता नै नेपालको पहिचान भएकाले सबै जातजाति, भाषा, धर्म र समुदायको अस्तित्वलाई सम्मान गर्दै अघि बढ्नुपर्छ। राज्यको हरेक संयन्त्रमा समावेशी र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरी कोही पनि नागरिक किनारीकृत भएको महसुस नगर्ने वातावरण बनाउनुपर्छ। सामाजिक न्याय र समानताका आधारमा समतामूलक समाजको निर्माण गर्नु रास्वपाको लक्ष्य हुनुपर्छ। उत्पीडित र पिछडिएका वर्गको उत्थानका लागि विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। साम्प्रदायिक सद्भाव कायम राख्दै राष्ट्रिय एकतालाई बलियो बनाउन सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ। सबै नेपालीको भावनालाई समेटेर अघि बढ्न सके मात्र नयाँ नेपालको परिकल्पना साकार हुन सक्छ।

*भ्रष्टाचारमा शून्य सहनशीलता*

भ्रष्टाचारको अन्त्य र सुशासनको स्थापना रास्वपाको मुख्य चुनावी नारा भएकाले यसमा शून्य सहनशीलताको नीति अपनाउनुपर्छ। ठूला-ठूला भ्रष्टाचारका काण्डहरूको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कानूनी कारबाही गर्नुपर्छ। नीतिगत भ्रष्टाचार रोक्न विद्यमान कानूनहरूमा आवश्यक परिमार्जन गर्दै अख्तियार जस्ता निकायहरूलाई थप शक्तिशाली र स्वायत्त बनाउनुपर्छ। सार्वजनिक सम्पत्तिको दुरुपयोग रोक्न र सरकारी ढुकुटीको मितव्ययिता सुनिश्चित गर्न कडा निगरानी प्रणाली विकास गर्नुपर्छ। नेता र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने र उनीहरूको जीवनशैली माथि प्रश्न उठाउने आँट सरकारले गर्नुपर्छ। जबसम्म राज्य संयन्त्र भ्रष्टाचारमुक्त हुँदैन, तबसम्म विकासका योजनाहरू कागजमै सीमित रहनेछन्।

*दक्ष जनशक्ति उत्पादन*

नयाँ सरकारले अनुसन्धान र नवप्रवर्तनलाई देश विकासको अभिन्न अङ्ग बनाउनुपर्छ। युवा वैज्ञानिक र आविष्कारकहरूलाई प्रोत्साहन गर्न राष्ट्रियस्तरमा अनुसन्धान कोषको स्थापना गर्नुपर्छ। विद्यालय र विश्वविद्यालयहरूलाई केवल प्रमाणपत्र वितरण गर्ने थलो मात्र नभई ज्ञान र अनुसन्धानको केन्द्र बनाउनुपर्छ। स्थानीय प्रविधिको विकास र प्रयोगलाई बढावा दिँदै विदेशी प्रविधिमाथिको निर्भरता कम गर्नुपर्छ। सूचनाप्रविधिको क्षेत्रमा नेपाललाई एउटा विश्वव्यापी केन्द्रको रूपमा विकास गर्न विशेष आर्थिक क्षेत्रहरू घोषणा गर्नुपर्छ। आधुनिक युगको चुनौतीलाई सामना गर्न सक्ने गरी दक्ष जनशक्ति उत्पादनमा लगानी बढाउनुपर्छ। आविष्कार र सिर्जनशीलताले मात्रै देशलाई विकासशीलबाट विकसित राष्ट्रको श्रेणीमा पुर्‍याउन सक्छ।

*प्रकृति र विकास बीच सन्तुलन*

वातावरण संरक्षण र जलवायु परिवर्तनको जोखिमलाई ध्यानमा राख्दै दिगो विकासको अवधारणालाई आत्मसात् गर्नुपर्छ। हिमाल र वन-जङ्गलको संरक्षण गर्दै हरित अर्थतन्त्रको विकासमा जोड दिनुपर्छ। विद्युतीय सवारी साधनको प्रयोगलाई व्यापक बनाउँदै पेट्रोलियम पदार्थ माथिको निर्भरता घटाउनुपर्छ। फोहोरमैला व्यवस्थापनका लागि आधुनिक प्रविधिको प्रयोग गरी शहरहरूलाई स्वच्छ र सुन्दर बनाउनुपर्छ। प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न पूर्व तयारी र आधुनिक उद्धार टोलीको स्थायी संरचना बनाउनुपर्छ। प्रकृति र विकास बीच सन्तुलन कायम राख्दै आउँदो पुस्तालाई सुरक्षित र स्वस्थ वातावरण हस्तान्तरण गर्नु यो सरकारको नैतिक जिम्मेवारी पनि हो।

अन्त्यमा, राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको यो बहुमत केवल शासन गर्ने अधिकार मात्र होइन, बरु जनताको विश्वासको ठूलो ऋण पनि हो। निर्वाचन घोषणापत्रमा गरिएका वाचाहरूलाई अक्षरशः पालना गर्दै ठोस कार्ययोजनाका साथ अघि बढ्नुपर्छ। प्रतिपक्षको रचनात्मक आलोचनालाई आत्मसात् गर्दै राष्ट्रिय हितका मुद्दामा सबै दलसँग सहकार्य गर्ने उदारता देखाउनुपर्छ। जनताले खोजेको परिवर्तनको आभास दिलाउनका लागि सरकारका हरेक निर्णय पारदर्शी र जनमुखी हुनुपर्छ। यो दुर्लभ अवसरलाई सदुपयोग गर्दै रास्वपाले नेपाललाई समृद्धिको नयाँ उचाइमा पुर्‍याउने संकल्प गर्नुपर्छ। स्पष्ट दृष्टिकोण र दृढ इच्छाशक्ति भएमा नेपालको रूपान्तरण सम्भव छ र यसको नेतृत्व गर्ने ऐतिहासिक जिम्मेवारी अब रास्वपाको काँधमा आएको छ। अनलाइनखबरडटकम

# महोत्तरीमा जमिनमा गाडिएको मोटरसाइकल फेला





महोत्तरी, २८ फागुन । महोत्तरीमा जमिनमा गाडिएको अवस्थामा एउटा मोटरसाइकल फेला परेको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार सोनमा गाउँपालिका(६ मगरथानामा जमिनमा पुरिएको अवस्थामा मोटरसाइकल भेटिएको हो।

स्थानीयवासीले शङ्कास्पद रूपमा जमिनमा गाडिएको वस्तु देखेपछि प्रहरीलाई जानकारी गराएका थिए। सूचनापछि पुगेको प्रहरी टोलीले खाल्डो खनेर मोटरसाइकल बाहिर निकालेको जनाएको छ।

प्रहरीका अनुसार फेला परेको मोटरसाइकल नेपाली नम्बर ज ८ प ९९७ को सुपर स्प्लेन्डर हो। उक्त मोटरसाइकल हाल प्रहरी चौकी मगरथानामा राखिएको छ।

मोटरसाइकल कसले र किन जमिनमा गाडेर लुकाएको भन्ने विषयमा अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ। साथै मोटरसाइकलको वास्तविक मालिक पत्ता लगाउने प्रयास भइरहेको पनि प्रहरीले बताएको छ।

# कालोसूचीमा रहेका उम्मेदवार उदयपुर-२ बाट विजयी

दैनिक समाचारदाता

विराटनगर, २८ फागुन । कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका एक उम्मेदवार उदयपुर(२ बाट प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् भने यस्तै अवस्थामा रहेका धनुषा(१ का उम्मेदवारको भने मनोनयन नै खारेज गरिएको घटना सार्वजनिक भएको छ।

धनुषा(१ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका किशोरी साह कमल कर्जा सूचना केन्द्रको कालोसूचीमा परेका कारण निर्वाचन आयोगले मतदान हुनुभन्दा दुई दिनअघि उनको उम्मेदवारी खारेज गरेको थियो। उम्मेदवारी खारेज भएपछि पनि सो क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनाव चिह्न 'घण्टी'मा उल्लेख्य मत परेको थियो। तर अन्ततः सो क्षेत्रबाट नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवार मात्रिका यादव निर्वाचित भएको घोषणा गरिएको छ।

उता उदयपुर(२ मा भने कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका उम्मेदवार नै निर्वाचित भएका छन्। रास्वपाबाट उम्मेदवार बनेका सूर्यबहादुर तामाङ १४ हजार ८०२ मत प्राप्त गर्दै विजयी भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार अम्बरबहादुर रायामाझीले ७ हजार ६४८ मत प्राप्त गरेका छन् भने नेपाली कांग्रेसका




उम्मेदवार रामकुमार राईले ७ हजार २९० मत ल्याएका छन्। रास्वपाले उदयपुरको कटारी बजारमा व्यवसाय गर्दै आएका कटारी नगरपालिका(७ मर्जेतपुरका पर्यटन व्यवसायी तामाङलाई उम्मेदवार बनाएको थियो। उनी कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको जानकारी पार्टीका केही नेताहरूलाई भए पनि यो विषय सार्वजनिक गरिएको थिएन।

पार्टी स्रोतका अनुसार उम्मेदवारी दर्ताका क्रममा पनि यस विषयमा आन्तरिक छलफल भएको थियो। "मनोनयनका बेला पनि यो विषय पार्टीभित्र उठेको थियो, त्यसैले मनोनयन अन्तिम समयमा गरिएको हो," रास्वपा स्रोतले जनाएको छ। उजुरी नपरेका कारण यो विषय बाहिर नआएको बताइएको छ।

कर्जा सूचना केन्द्रले सार्वजनिक गरेको विवरण अनुसार मकालु कान्जिरुवा अटो लिङ्क प्रालिका सञ्चालक सूर्यबहादुर तामाङ पटकपटक चेक बाउन्स भएका कारण कालोसूचीमा परेका हुन्। केन्द्रको सूचीमा उक्त कम्पनीको नाम १ लाख १ हजार ५१४ नम्बरमा रहेको छ। कम्पनीका सञ्चालकमा लिला राई र सूर्यबहादुर तामाङ छन्।

२०७९ फागुन १५ गते इस्टन एजेन्सिसलाई माछापुच्छे बैंकको खाताबाट काटिएको १ करोड ५५ लाख रुपैयाँको चेक नसाटिएपछि उनी कालोसूचीमा परेका थिए। त्यसैगरी २०८० माघ २५ गते २ लाख ५५ हजार रुपैयाँको चेक बाउन्स भएपछि पुनः कालोसूचीमा नाम चढेको विवरण छ।

त्यस्तै २०८० भदौ ५ गते सुरेश श्रेष्ठको नाममा काटिएको २२ लाख ५० हजार रुपैयाँ र भदौ ६ गते प्रेमकुमार श्रेष्ठको नाममा काटिएको १३ लाख ५५ हजार रुपैयाँको चेक नसाटिएका कारण पनि कम्पनी र सञ्चालक कालोसूचीमा परेको कर्जा सूचना केन्द्रको विवरणमा उल्लेख छ।

रास्वपा उदयपुरका एक स्रोतका अनुसार व्यवसायमा आएको समस्याका कारण तामाङ कालोसूचीमा परेका हुन्। "उहाँको नियत त्यस्तो होइन, विकासप्रेमी र समाजसेवी मान्छे हो," स्रोतले भन्यो, "व्यवसायमा समस्या देखिएपछि अप्ठ्यारोमा पर्नुभएको हो।"

यस विषयमा प्रतिक्रिया लिन खोज्दा नवनिर्वाचित सांसद तामाङसँग सम्पर्क हुन सकेन। प्रदेश निर्वाचन कार्यालय विराटनगरका प्रमुख चोलाराज दंगालले निर्वाचन परिणाम घोषणा भइसकेपछि आयोगले यस विषयमा तत्काल कुनै निर्णय गर्न नसक्ने बताए। उनका अनुसार यदि कसैलाई आपत्ति भए सम्बन्धित पक्षले अदालतको ढोका ढकढक्याउन सक्नेछन्।

# रौतहटमा दलित परिवारमाथि कुटपिट, ८ विरुद्ध मुद्दा



रौतहट, २७ फागुन । रौतहटको फतुवा विजयपुर नगरपालिका-५ सन्तपुरस्थित दलित (चमार) टोलमा दुई महिलासहित छ जनामाथि सामूहिक कुटपिट गरेको घटनामा संलग्न आठ जनाविरुद्ध ज्यान मार्ने उद्योगको मुद्दा दर्ता गरिएको छ।

पीडित बिर्जाराम चमारको उजुरीका आधारमा उक्त घटनामा संलग्न रहेको आरोपमा आठ जनाविरुद्ध मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मीनियाका प्रहरी निरीक्षक सुरेन्द्र यादवले जानकारी दिनुभयो। उहाँका अनुसार घटनामा संलग्न भनिएका पसिन्द्र यादवलाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरी निरीक्षक यादवका अनुसार अन्य आरोपीको खोजी जारी छ। पक्राउ परेका यादवलाई इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मीनियाले सात दिनको म्याद थप गरी हिरासतमा राखेर अनुसन्धान सुरु गरेको जनाएको छ। गत फागुन १९ गते होली मनाउने क्रममा सामान्य भनाभन भएपछि स्थानीय भुनेश्वर यादवसहितको समूहले लाठी-भाटा लिएर साँझ बिर्जाराम चमारको घरमै प्रवेश गरी कुटपिट गरेको पीडित पक्षको आरोप छ। सो क्रममा घरभित्र रहेका श्रीमती, छोरीसहित ६ जनामाथि निर्घात कुटपिट गर्नुका साथै घरका सामान तोडफोड गरिएको र दुईवटा मोबाइलसमेत फोडिएको पीडित बिर्जाराम चमारले बताउनुभयो। कुटपिटबाट बिर्जाराम चमारको ढाड र घाँटीमा चोट लागेको छ भने उनकी श्रीमती गायत्रीदेवी रामको शरीरभरि निलडाम परेको छ। चमारका छोरा राजकुमार रामको टाउकोमा चोट लागेको छ भने सुब्बा रामकी १६ वर्षीया छोरीको टाउको फुटेको बताइएको छ। रासस

# सप्तरीमा बालिकामाथि यौन दुर्व्यवहार, आरोपी फरार

दैनिक समाचारदाता

सप्तरी, फागुन २८ । बजारमा किनमेल गरी घर फर्किंदै गरेकी एक नाबालिका माथी यौन दुर्व्यबहार भएको छ । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ७ मा बुधवार साँझ तीर ११ वर्षिया बालिका माथी ६८ वर्षिय बृद्धद्वारा यौन दुर्व्यबहारको घटना भएको हो । प्रहरीका अनुसार यौन दुर्व्यवहारका आरोपी ६८ वर्षिय शारदा थरका बृद्ध फरार भएका छन । सोही नगरपालिका ९ वस्ने शारदामाथी पीडीत पक्षबाट उजुरी आएपछी उनको खोजतलास कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए । बजारबाट घर फर्किदै गर्दा एकान्त स्थलको मौका छोपी शारदाले बालिकाको सम्वेदनशिल अंगमा हात लगाई यौनदुर्ब्यवहार गरेको पीडीत बालिकाका परिवारको भनाइ छ ।

शारदाले ती नाबालिकालाई गलत नियतले शरीरको संम्वेदनशिल अंग छोएको कुरा आएको छ, प्रहरी उपरिक्षक पुरीले भने-"यस बारे आवश्यक अनुसन्धान भइरहेको छ ।"

यौन दुर्व्यवहारको आरोप लागेका शारदा भने फरार रहेको र उनको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । स्थानीयले भने बजार निस्केकी नाबालिकामाथी यौन दुर्व्यर्वहार गर्ने माथी कडा कारवाही गर्न माग गरेका छन ।

# दुईतिहाइका लागि राप्रपाको हिन्दू राष्ट्र प्रस्ताव

दैनिक समाचारदाता

काठमाडौं, २८ फागुन । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेता कमल थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हिन्दू राष्ट्र बनाउन संविधान संशोधनका लागि तयार भए दुईतिहाइ सिटका लागि आफ्ना सांसदले सहयोग गर्ने बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत थापाले प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पुऱ्याउनका लागि रास्वपासँग शर्त राखेका हुन् । रास्वपालाई एकल दुई तिहाइ पुऱ्याउन २ सिट कम भएको छ । 'रास्वपा र नयाँ बन्ने बालेन शाह नेतृत्वको सरकारलाई संसदमा दुईतिहाइ बहुमतको निम्ति २ सिट कम छ,' उनले लेखेका छन्, 'यदि बालेन सरकारले नेपाललाई धार्मिक स्वतन्त्रता र समानतासहितको हिन्दू राष्ट्र बनाउने गरी संविधान संशोधन गर्न तयार हुन्छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीका ५ सांसदहरूको पूर्ण सहयोग रहने छ ।'

# पोखराका पूर्वमेयर कृष्ण थापाको निधन

पोखरा २८ फागुन । पोखरा महानगरका पूर्व मेयर कृष्ण थापाको ६५ वर्षको उमेरमा हृदयघातका कारण निधन भएको छ। प्रतिनिधिसभा निर्वाचनको कास्की क्षेत्र नम्बर १ को समीक्षा बैठक सकिएपछि कुर्चीमा बस्दाबस्दै थापालाई हृदयघात भएको एमाले कास्कीका अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीले जानकारी दिए।

उनका अनुसार हृदयघात हुनासाथ थापालाई पोखराकै मणिपाल शिक्षण अस्पताल लगिएको थियो। अस्पतालका चिकित्सकले उनलाई मृत घोषणा गरेको क्षेत्रीले बताए।

'हामी कास्की १ को समीक्षा बैठक सकेर बसिरहेका थियौं, कुर्चीमै उहाँ (कृष्ण थापा) लाई हृदयघात भएर अस्पताल लग्यौं,' क्षेत्रीले भने, 'डाक्टरले मृत घोषणा गर्नुभएको छ।' २०५४ सालमा भएको स्थानीय निर्वाचनमा थापा पोखराको मेयर निर्वाचित भएका थिए। त्यसपछि उनी २०७४ सालमा गण्डकी प्रदेश सभा सदस्य निर्वाचित भएका थिए भने २०७८ को निर्वाचनमा फेरि पोखरा महानगरको मेयर प्रत्यासी थिए। नेकपा एमाले कास्की इन्चार्ज एवं केन्द्रीय सदस्य रहेका थापा यसपटक भएको प्रतिनिधि सभा निर्वाचनमा कास्की २ बाट टिकट पाएका थिए। उनले पाएको टिकट खोसेर अर्का केन्द्रीय सदस्य रश्मी आचार्यलाई दिएपछि उनी रूष्ट थिए।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ७४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३७४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४